# घाउको स्याहार गर्दा अपनाउनु पर्ने सिफारिस गरिएका IPC अभ्यासहरू







## घाउको स्याहार कार्यविधिहरू गर्दा मानक सावधानीहरू अपनाउनुपर्छ:

### हातको सरसफाई

- घाउको स्याहार गर्नुअघि र पछि, पञ्जाहरू लगाए तापनि ।
- कार्यविधिको बेलामा पञ्जाहरू परिवर्तन गरेमा लगायत PPE निकालेपछि ।
- फोहोर कार्यबाट सफा कार्य गर्न जाँदा ।

### व्यक्तिगत सुरक्षात्मक उपकरण (PPE) को उचित छनोट

- सबै प्रकारका घाउको स्याहार कार्यविधिहरू गर्दा पञ्जाहरू लगाउनुपर्छ ।
- बिरामी/निवासी वा उनीहरूको तत्कालीन वातावरणमा आएर घाउको स्याहार गर्नुपर्दा गाउनहरू लगाउनुपर्छ ।
- चश्माहरू र फेसमास्क वा फेस शिल्ड: स्प्ल्याश वा एरोसोलहरू उत्पन्न हुन सक्ने घाउको स्याहार कार्यविधिहरू गर्दा लगाउनुपर्छ ।

NORTH Dakota | Health & Human Services
Be Legendary.

## औषधि लगायत घाउको स्याहार गर्दा चाहिने सामग्रीहरू राम्रोसँग सम्हाल्ने।

- सफा आपूर्ति कार्ट र क्याड्डी बिरामी/निवासीको कोठामा लैजानु हुँदैन।
- कार्ट वा क्याड्डीमा भएका सामग्रीहरू सफा हातले मात्र समात्नुपर्छ।
- उक्त सामग्रीहरू सफा ठाउँमा राख्नुपर्छ।
- सफा र फोहोर सामग्रीहरू छुट्टाएर राख्नुपर्छ।
  - धेरै घाउहरू छन् भने हरेक घाउका लागि छुट्टा-छुट्टै ड्रेसिङ परिवर्तन गर्ने सामग्री हुनुपर्छ र सफादेखि फोहोर घाउ गर्दै ड्रेसिङ परिवर्तन गर्नुपर्छ।
- प्रयोग नगरिएका सामग्रीहरू आपूर्ति कार्ट वा क्याड्डीमा फर्काउनु हुँदैन (कसैलाई दिने वा फ्याँक्ने)।
- स्प्रे वा औषधिका कन्टेनरहरू (क्रिम, मलमहरू) सम्भव भएसम्म जसको हो उसैलाई दिनुपर्छ।
  - कार्यविधिअघि एउटा बिरामी/निवासीलाई थोरै औषधि प्रयोग गर्न दिनुपर्छ।
  - धेरै डोज भएको कन्टेनरमा बाँकी रहेको सामान निर्दिष्ट सफा क्षेत्रमा राम्रोसँग राख्नुपर्छ।
- बिरामी/निवासीको स्याहार क्षेत्रमा लिएर गएको कन्टेनरहरू सोही बिरामी/निवासीलाई दिनुपर्छ।

## सरसफाई र कीटाणुमुक्त बनाउने:

- वातावरणीय सतहहरू र फेरि प्रयोग गर्न मिल्ने घाउको स्याहार उपकरणलाई राम्रोसँग सफा गरेर कीटाणुमुक्त नबनाएमा रोगजनक प्रसारणका स्रोतहरू बन्न पुग्छन्।
- फेरि प्रयोग गर्न मिल्ने घाउको स्याहार उपकरणलाई हरेक पटक प्रयोग गरेपछि सफा गरेर कीटाणुमुक्त बनाउनुपर्छ।
- घाउको स्याहार गर्दा दूषित हुन सक्ने उपचार क्षेत्रका कुनै पनि सतहलाई कार्यविधिपछि तुरुन्तै सफा गरेर कीटाणुमुक्त बनाउनुपर्छ।

डिसेम्बर 2023

North Dakota | Health & Human Services
Be Legendary.